जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०
# नवीन साप्ताहिक
म.जि.हु.का.द.नं. ६/०६४/०६५
वर्ष ४३ अंक १९ २०८१ साल पुस ७ गते आइतवार (22 Dec. 2024 Sunday) मूल्य रु. ७/-

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र* – **पृष्ठ २ मा** : विकासीय कार्यमा राजनीति रंग दिनुभन्दा ... **पृष्ठ ३ मा** : नेपालमा वित्तीय संघीयताको ... **पृष्ठ ४ मा** : विकासमा पनि राजनीतिकरण ... **पृष्ठ ५ मा** : कृषि औजारसहित ...

# प्रेस युनियन सप्तरीद्वारा पत्रकार महासंघमा निर्वाचित पदाधिकारीलाई सम्मान




**राजविराज**/हालै सम्पन्न नेपाल पत्रकार महासंघको निर्वाचनबाट निर्वाचित पदाधिकारीहरुलाई नेपाल प्रेस युनियन सप्तरीले शनिबार सम्मान गरेको छ ।

नेपाली काँग्रेस सप्तरीका सभापति रामदेव साहको प्रमुख आतिथ्य तथा युनियन सप्तरीका अध्यक्ष बिनयकुमार लाल कर्ण अध्यक्षतामा आयोजित बधाई तथा सम्मान कार्यक्रममा पत्रकार महासंघको निर्वाचनमा निर्वाचित भएका युनियन सप्तरीका सदस्यहरुलाई सम्मानित गरिएको हो ।

सो अवसरमा प्रमुख अतिथि काँग्रेस सप्तरीका सभापति साहले निर्वाचित पदाधिकारी, प्रदेश पार्षद, केन्द्रिय पार्षद तथा केन्द्रिय सदस्यलाई सफल कार्यकालको शुभकामना व्यक्त गरे । उनले पत्रकारहरुका दक्षताको अभिबृद्धि र पत्रकारीताको विकासका लागी आफुले सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाउँदै राज्यको चौथो.अंग मानिएको सञ्चारक्षेत्रलाई व्यवस्थित, मर्यादित र पत्रकारको जीवनयापन सहज बनाउन समेत आफुले आफ्नो स्तरबाट पहल गर्ने जनाए ।

सोही कार्यक्रममा पत्रकार महासंघमा महिला सदस्यमा निर्विरोध निर्वाचित सदस्य रक्षा चौधरी युनियनमा प्रवेश गरेकी छिन् । उनलाई प्रमुख अतिथि लगायतले फुलमाला अबिर लगाएर प्रवेश गराए ।

कार्यक्रममा नेपाली काँग्रेसका सचिव सनत मण्डल, प्रेस युनियन मधेश प्रदेशका उपाध्यक्ष धीरेन्द्र प्रसाद साह, पत्रकार महासंघका नवनिर्वाचीत अध्यक्ष श्रवण कुमार देव, केन्द्रिय सदस्य ललिता कुमारी साह लगायतले पनि आ-आफ्नो सुझाव राखेका थिए ।

युनियनका तर्फ पत्रकार महासंघको अध्यक्षमा श्रवणकुमार देव, महिला उपाध्यक्षमा सुधा देव,

*बाँकी अन्तिम पृष्ठमा*

# जनज्योतीको १३औं साधारण सभा सम्पन्न
## पत्रकार महासंघमा निर्वाचित पदाधिकारी सम्मानित





**राजविराज**/जनज्योती कृषि सहकारी संस्था लिमिटेड राजविराज ९ मलेठले शनिबार आफ्नो १३ औं वार्षिक साधारणसभा सम्पन्न गरेको छ ।

जिल्लाको अग्निसाइर कृष्णासवरण गाउँपालिकाको सितापुरस्थित होटल ग्रिन गार्डेनमा आयोजित साधारण सभामा संस्थाका अध्यक्ष विश्वनाथ मण्डलले अध्यक्षिय प्रतिवेदन प्रस्तुत गर्दै २०८१ कात्तिक मसान्तसम्ममा ८ सय ९ पुरुष र ७ सय १६ महिला गरि कुल १ हजार ५ सय २५ सदस्य रहेको जानकारी दिए ।

उनले संस्थाको कुल सम्पत्ति २०८०/८१ सम्ममा १९ करोड ५५ लाख २० हजार ८ सय २१ रुँपैया ६० पैसा रहेको उल्लेख गर्दै १४ करोड ७३ लाख ११ हजार ३ सय २५ रुँपैया ५० पैसा कर्जा लगानी गरिएको प्रतिवेदनमा जनाएका छन् ।

संस्थाका अध्यक्ष विश्वनाथ मण्डलको अध्यक्षता तथा समाजसेवी भिमराज यादवको प्रमुख आतिथ्य आयोजित कार्यक्रममा अग्निसाइर कृष्णासवरण गाउँपालिकाका उपाध्यक्ष कल्पना चौधरी, पत्रकार महासंघ सप्तरीका अभ्यक्ष श्रवणकुमार देव, विभिन्न सहकारी संस्थाका अध्यक्ष प्रतिनिधि, राष्ट्रिय सहकारी बैंक जनकपुरका प्रमुख, राजविराजका प्रमुख लगायत संस्थाका शेयर सदस्यहरुको सहभागिता रहेको थियो ।

सोही अवसरमा संस्थाले नेपाल पत्रकार महासंघ सप्तरीको हालै सम्पन्न निर्वाचनमा निर्वाचित पदाधिकारीहरुलाई सम्मान

*बाँकी अन्तिम पृष्ठमा*

# जनकपुर बोल्ट्सलाई एनपिएलको उपाधि




**काठमाडौं**/सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपिएल)को पहिलो संस्करणको उपाधि जनकपुर बोल्ट्सले जितेको छ ।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदानमा शनिबार सम्पन्न फाइनल खेलमा सुदूरपश्चिम रोयल्सलाई पाँच विकेटले पराजित गर्दै जनकपुर बोल्ट्सले उपाधि जितेको हो ।

जितका लागि सुदूरपश्चिम रोयल्सले दिएको एक सय ८५ रनको लक्ष्य जनकपुर बोल्ट्सले १९ दशमलव दुई ओभरमा पाँच विकेटको क्षतिमा पूरा गऱ्यो ।

जनकपुरलाई उपाधि दिलाउने क्रममा ओपनरद्वय लाहिरु मिलान्था र आशिफ शेखले पहिलो विकेटका लागि महत्वपूर्ण ७३ रनको साझेदारी गरे । जनकपुरको जितमा मिलान्थाले अर्धशतकीय पारी खेले । उनले ४९ बल खेल्ने क्रममा चार छक्का र नौ चौकाको सहयोगमा ८७ रन बनाए । आशिफ शेखले १९ बल खेल्ने क्रममा चार चौका र दुई छक्कासहित ३३ रनको योगदान दिए । साथै हर्ष थाकरले २४ बल खेल्ने क्रममा दुई छक्काको साहरामा ३० रन बनाए । साथै मोहम्मद मोहसिनले नौ र जिमी निशमले चार, आकाश त्रिपाठीले दुई र मयन यादवले दुई रन बनाए ।

सुदूरपश्चिमका लागि सैफ अलि जेब, इशान पाण्डे, दीपेन्द्र सिंह ऐरी र स्कट कुग्गेलेइनले समान एक/एक विकेट लिए । त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको सुदूरपश्चिमले निर्धारित २० ओभरमा नौ विकेटको क्षतिमा १८४ रन बनाएको थियो । उसका लागि ओपनरद्वय सैफ अलि जेब र बिनोद भण्डारीले शान└ दार सुरुआत दिलाए । उनीहरुले पहिलो विकेटका लागि एक सय १७ रनको साझेदारी गरे । सैफ अलि जेब अर्धशतकीय पारी खेले । उनले ४३ बल खेल्ने क्रममा आठ चौका र दुई छक्काको साहरामा ६९ रन बनाए । साथै बिनोद भण्डारीले ३१ बल सामना गर्दै एक चौका र तीन छक्कासहित ४१ रन बटुले । साथै ब्राण्डन म्याक मुलेन र हर्मित सिंहले समान १४ रन बनाए भने स्कट कुग्गेलेइनले १३ रन बटुले । अन्य ब्याटरले दोहोरो अङ्कमा रन बनाउन सकेनन् ।

जनकपुरका लागि किशोर महतो र मोहम्मद मोहसिनले तीन/तीन विकेट लिए भने जिमी निशम र ललित राजवंशीले एक/एक विकेट लिए । प्रतियोगिताको उपाधि

*बाँकी अन्तिम पृष्ठमा*

वायु प्रदुषणको असर कम गरौं

- व्यक्तिगत सवारीको सट्टा ठूला र एकैपटकमा धेरैले प्रयोग गर्न मिल्ने सार्वजनिक सवारीको प्रयोग बढाऔं,
- डिजेल र पेट्रोलबाट चल्ने सवारी साधनको विकल्पमा विद्युतीय सवारी साधनको प्रयोग गरौं,
- आँफुले प्रयोग गर्ने सवारी साधनको ईन्जिन राम्रोसँग मर्मत गरौं, नियमित प्रदुषण जाँच गरौं,
- उद्योग तथा कलकारखानामा प्रदुषण नियन्त्रण प्रविधिहरू प्रयोग गरौं,
- फोहोरमैलालाई जलाउने कार्य नगरौं, उचित व्यवस्थापन गरौं,
- कच्ची सडकहरू मर्मत तथा कालोपत्रे गरौं,
- वृक्षारोपण गरौं, बनजंगलको संरक्षण गरौं,

वायु प्रदुषणको असर कम गर्न सहयोग गरौं ।स्वस्थ वातावरण निर्माणमा योगदान पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### दुर्घटना हुनबाट सचेत रहौं

सवारी दुर्घटनाबाट बच्न आफै सचेत हुनु पर्ने हुन्छ। कुनै पनि सवारीसाधन चलाउँदा जहिले पनि आफै सचेत हुनुपर्छ। हुनत दुर्घटना भनेको भवितब्य हो। तर यसबाट बच्न आफै सचेत भएर सवारीसाधान चलाउनुपर्छ। आफै सचेत भए सम्भावित दुर्घटनाबाट केही हदसम्म बच्न सकिन्छ। सचेत नभएर सवारी चलाउँदा दुर्घटना हुने जोखिम बढी हुन जान्छ।

सप्तरीमा सडक दुर्घटनाको तथ्याङ्क उकालो लाग्दो छ। दुर्घटना हुने बित्तिकै जहिले पनि चालककै लापरवाहीलाई बुझ्नु गलत हो। दुर्घटना हुने अनेकौं कारण हुन सक्छ। कहिलेकाही बाटोघाँटोको समस्याले पनि हुने गर्दछ। यी बाहेक बढी सवारी दुर्घटना अत्याधिक गतिका साथै मोवाइलमा कुरा गर्दै तथा मादक पदार्थ सेवन गरि चलाउने गरेको पाइएको छ। जिल्लाका अधिकांश सडकहरु निर्माण वा मर्मतका क्रममा रहेका छन्। त्यसमा पनि निर्माण भइसकेका सडकहरुमा बढी दुर्घटना हुने गरेको छ। बढी गतिमा सवारी चलाउने कारणले उक्त दुर्घटना हुने गरेको पाइएको छ। कहिले काँही आफू सचेत रहँदा रहँदै पनि अचानक दुर्घटना हुन पुग्छ।

तसर्थ सवारीको गति नियन्त्रणदेखी लिएर आफ्नो साइडमा चलाउन सकिए दुर्घटनाबाट हदैसम्म बच्न सकिन्छ। यसलाई न्युनिकरण गर्न सावधानीपूर्वक सवारीसाधन चलाउनु नै एउटा उत्तम माध्यम हो।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# विकासीय कार्यमा राजनीति रंग दिनुभन्दा पनि सबै दलले सहयोग र सहकार्य आवश्यक : डा. राउत

**राजविराज**/जनमत पार्टीका अध्यक्ष डा. सिके राउतले विकासीय कार्यमा राजनीति रंग दिनुभन्दा पनि सबै दलले सहयोग र सहकार्य आवश्यक रहेको बताएका छन्।

जिल्ला समन्वय समिति सप्तरीद्वारा बुधबार राजविराजमा आयोजित "संघीय तथा प्रादेशीक कार्यालय एवम् स्थानीय तहहरुबाट संचालित तथा सम्पादित कार्यहरुको बार्षिक प्रगति समिक्षा गोष्ठी" मा बोल्दै उनले यस्तो बताएका हुन्।

अध्यक्ष राउतले विकासको काममा कसैले वाधा नपुऱ्याई अन्य राजनीतिक दलहरुले पनि यसमा साथ दिनुपर्ने जिकिर गरे। आफुहरु बिकास बजेट परिचालन गर्ने स्थानमा नभई नीति निर्माणको जिम्मेवारीमा रहेको प्रष्ट्याउँदै उनले विकास लगायत जनताका समस्या हेर्ने जिम्मेवारी केन्द्रका बाहेक प्रदेश र स्थानीय तहको हुने बताए।

सप्तरी क्षेत्र नं. २ बाट प्रतिनिधिसभा सदस्य समेत रहेका डा. राउतले जिल्लामा रसायनिक मलको अभाव कम गर्नका लागि यसको सही बिक्री वितरणका बारेमा स्थानीय तहका जनप्रतिनिधिले पनि उत्तिकै जिम्मेवारी र चासो देखाउनुपर्नेमा जोड दिए।

सोही कार्यक्रममा बोल्दै प्रदेश सांसद किरण कुमारी साहले बिटौरी समस्या समाधान नहुँदा राजविराज नगरपालिका क्षेत्रभित्र साविकदेखि बसोवास गर्दै आएका ५ हजार परिवार प्रभावित बनेको बताउँदै यसको समाधानका लागि पहल गरिदिन हुन प्रतिनिधिसभा सदस्य समेत रहेका डा. राउत ध्यानाकर्षण गराईन। उनले बिटौरी जग्गा बाहकहरुको नाममा अझै लालपुर्जा नआएको भन्दै त्यसबाट विभिन्न समस्या खेप्नुपरिरहेको उल्लेख गरिन्।

जिल्ला समन्वय समितिका प्रमुख शिवनारायण साहको अध्यक्षतामा आयोजित कार्यक्रममा प्रदेश सांसद महेश प्रसाद यादव, राजविराज नगरपालिकाका कार्यवाहक नगरप्रमुख इसरत परवीन, जनमत पार्टीका जिल्ला इन्चार्ज रामगमन साह, नेकपा एकिकृत समाजवादीका जिल्ला अध्यक्ष प्रताप नारायण चौधरी लगायतले जिल्लाको विकासका लागि समेटिनुपर्ने योजना र त्यसको प्रभावकारी कार्यान्वयन बारे आ-आफ्नो सुझाव राखेका थिए।

# पत्रकार महासंघमा निर्वाचित युनियनका सदस्यहरु काँग्रेसबाट सम्मानित

**राजविराज**/नेपाली काँग्रेस सप्तरीले पत्रकार महासंघको निर्वाचनमा नेपाल प्रेस युनियनबाट निर्वाचित भएका सप्तरीका नवनिर्वाचित पदाधीकारीहरुलाई सम्मान गरेको छ।

नेपाली काँग्रेस सप्तरीले शुक्रबार एक कार्यक्रमको आयोजना गरी नवनिवार्चित जिल्ला कार्य समिती, प्रदेश र केन्द्रीय पार्षद तथा केन्द्रीय सदस्यलाई सम्मान गरेको हो।

कार्यक्रमका प्रमुख अतिथी नेपाली काँग्रेस सप्तरीका सभापती रामदेव साह, सचिव सनत मण्डल, यूवा नेता नन्दकिशोर यादव, शम्भुलाल देव, इर्साद अन्सारी लगायतले नवनिर्वाचित तिनै तहका पदाधीकारीहरुलाई दोसल्ला तथा कदरपत्रब मसट सम्मान गरे।

कार्यक्रममा नेपाली काँग्रेसका सचिव सनत मण्डल, प्रेस युनियन मधेश प्रदेशका उपाध्यक्ष धीरेन्द्र प्रसाद साह, सचिव मनोज कुमार माझी, प्रेस यूनियन सप्तरीका सभापती विनयलाल कर्ण, पत्रकार महासंघका नवनिर्वाचीत अध्यक्ष श्रवण कुमार देव लगायतले पनि आ-आफ्नो सुझाव राखेका थिए।

युनियनका तर्फ पत्रकार महासंघको अध्यक्षमा श्रवणकुमार देव, महिला उपाध्यक्षमा सुधा देव, कोषाध्यक्षमा नवीनकुमार गुप्ता, सदस्यहरुमा अरुणकुमार यादव, रामनारायण यादवर र परिषकुमार कर्ण निर्वाचित भएका छन्।

यस्तै प्रदेश परिषद् सदस्यमा गणेशलाल देव, शैलेन्द्र झा, पवन कुमार मिश्र, नरेश कुमार चौधरी र लोकेन्द्र यादव, केन्द्रिय परिषद् सदस्यमा मनोजकुमार माझी तथा केन्द्रिय सदस्यमा ललिता कुमारी साह निर्वाचित भएका छन्।

# २१ फरार प्रतिवादी पक्राउ

**राजविराज**/जिल्ला प्रहरी कार्यालय सप्तरीले १७ पुरुष र चार महिलासहित २१ जना फरार प्रतिवादी पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय तथा मातहत प्रहरी कार्यालयहरुबाट खटेको प्रहरी टोलीले अदालतबाट विभिन्न मुद्दामा फैसला भई कैद तथा जरिवाना भुक्तान बाँकी रहेका ती २१ फरार प्रतिवादी पक्राउ गरेको हो।

उनीहरुबाट २ वर्ष १ महिना कैद सजाय र ६० हजार ७ सय २५ रुपैयाँ जरिवाना असुल गर्न बाँकी रहेको प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडाले बताए। पक्राउ परेका मध्ये सबै भन्दा बढी डाका र कुटपिट मुद्दाका चार/चार जना छन्। गाली बेइज्जत र कुटपिटका तीन, तथा कुटपिट र लुटपिट र चौपाया चोरी कसुरका दुई/दुई जना छन्।

यस्तै अपराधिक उपद्रव, कुटपिट अंगभंग, मुद्दा सम्बन्धि, चेक अनादार र गर्भपतन मुद्दाका एक एक जना छन्। पक्राउ परेका मध्ये कुटपिटमा एक तथा गाली बेइज्जत र कुटपिट अंगभंगका ३ गरी ४ जना महिला छन्।

अपराध घटनाको अनुसन्धान तथा अदालतको फैसला कार्यान्वयन गर्ने क्रममा फरार भई लुकिछिपी बसेकाहरु उपर सुराकी र निगरानी बढाए सँगै धमाधम फरार प्रतिवादी पक्राउ पर्न थालेको प्रहरी उपरीक्षक खतिवडाको भनाई छ। चालु आ.व.को हालसम्म १ सय ५१ जना फरार प्रतिवादीलाई पक्राउ गरिसकेको सप्तरी प्रहरीको तथ्याङ्कले देखाएको छ।

# अर्नाको आक्रमणबाट एकको मृत्यु

**राजविराज**/कोशी टप्पु वन्यजन्तु आरक्षबाट आएको अर्नाको आक्रमणबाट सप्तरीमा एक व्यक्तिको मृत्यु भएको छ।

मृत्यु हुनेमा जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिका ९ का ७० वर्षीय शुभेलाल मण्डल छन्। सो नगरपालिका वडा नं. १३, कोशी पलारमा रहेको खेतमा काम गर्दै गरेका वेला अर्नाले मण्डललाई बुधबार आक्रमण गरेको थियो।

गम्भिर घाईते अवस्थामा फेला परेका मण्डललाई स्थानीयले उद्धार गरी स्थानीय अस्पताल पुऱ्याएका थिए। उनको अस्पतालमा उपचार गर्न नपाउँदै मृत्यु भएको इलाका प्रहरी कार्यालय हनुमाननगरले जनाएको छ।

## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (ब्यवस्था) गरौं।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं।

**अनुरोधकर्ता**
**सप्तकोशी नगरपालिका, सप्तरी**

# नेपालमा वित्तीय संघीयताको आवश्यकता र महत्व

**गम्भीरबहादुर हाडा**

संसारका संघीय देशहरुमा तीन किसिमका सरकार हुन्छन् भने एकात्मक खालको राज्यमा केन्द्र र स्थानीय गरी दुई तहका सरकार मात्र हुन्छन् । स्थानीय सरकार पनि विभिन्न प्रकारका हुने गर्छन् । जस्तो- जिल्ला, महानगर, नगर र गाउँ । यी विभिन्न प्रकारका सरकारमध्ये माथिल्लो सरकारले तल्लो सरकारलाई कामको अधिकार दिँदा विभिन्न तरिकाले दिने गर्दछ । पहिलो- केन्द्रले आफ्ना कार्यालयहरुमार्फत स्थानीय तहमा काम गर्ने, दोस्रो- केन्द्रले मातहत कार्यालयहरुलाई अधिकार दिई त्यसैमार्फत काम गराउने र तेस्रो- केन्द्रले स्थानीय तहमा स्वायत्त सरकार गठन गराई त्यसलाई अधिकार प्रक्षेपण गर्ने । वित्तीय संघीयता यी तीन किसिमका सरकारमध्ये तेस्रो प्रकारको सरकारसँग सम्बन्धित रहेको हुन्छ ।

वित्तीय संघीयता भनेको कसले के गर्ने, कसले कर लगाउने, आम्दानी र खर्चबीचको असन्तुलन कसरी हटाउने, राजस्वलाई नियमित कसरी बनाउने र कस्तो संरचनाले यो काम गर्न सक्छ भन्ने सम्बन्धमा गरिएको सहमति हो । विकेन्द्रीकरणविना यो सम्भव छैन । यो स्थानीय निकायलाई साधन र स्रोतको व्यवस्था गर्दै उनीहरुलाई आर्थिक हिसाबले सुदृढ बनाउने कामसँग सम्बन्धित छ । आत्मनिर्भरताविनाको स्वायत्तताको कुनै अर्थ रहँदैन ।

सामान्य अर्थमा आर्थिक र वित्तीय विषयहरुलाई संविधान, कानुन र अभ्यासमा व्यवस्थित गर्ने कार्यलाई वित्तीय संघीयता भनिन्छ। वास्तवमा यसमा मौद्रिक नीति, कर, भन्सार र वाणिज्यसँग सम्बन्धित विषयहरु जोडिएका हुन्छन् । समग्रमा सरकारले अर्थ संकलन गर्ने, कानुनको सीमा, परिधि र प्रक्रियाभित्र संग्रह एवं खर्च गर्ने/गराउने संयन्त्र नै वित्तीय संघीयता हो । विभिन्न तहको खर्च जिम्मेवारी, राजस्व व्यवस्था, राजस्व साझेदारी तथा ऋणको संयुक्त स्वरुपलाई संघीय वित्तीय व्यवस्था भनिन्छ । कानुनको शासनमा सबै काम कानुनबमोजिम हुनुपर्छ । तसर्थ राजस्व परिचालन, स्रोत बाँडफाँड र बजेट निर्माणजस्ता कार्यहरु कानुनबमोजिम गरी समष्टिगत आर्थिक स्थायित्व कायम हुने गरी वित्तीय संघीयताको कार्यान्वयन गर्नुपर्छ ।

संघीयता कार्यान्वयनको महत्वपूर्ण आधार वित्तीय संघीयता हो । वित्तीय संघीयता अर्थराजनीतिक विषय पनि हो। वित्त व्यवस्थापनका प्रमुख आयामहरु मौजुदा स्रोतको कुशलतम् विनियोजनको विषयमा तल्ला तहका सरकारहरुको संलग्नता र भूमिका बढी हुन्छ । वास्तवमा संघीयताको सबल कार्यान्वयन गरी नागरिकलाई अधिकार सम्पन्न, जिम्मेवार, उत्तरदायी र आवश्यकताको पहिचान र पूर्तिको केन्द्रविन्दुमा राख्न वित्तीय संघीयता कार्यान्वयनका यी आयामहरु प्रमुख आधारहरु हुन् ।

संघीयताको आधारभूत पक्ष र कार्य जिम्मेवारी विभाजन र खर्च व्यवस्थापन हो । संघीयता अवलम्बन गरेका विश्वका सबै देशहरुमा खर्चको जिम्मेवारी कानुनद्वारा स्पष्ट गरिएको हुन्छ ।

नेपालको सन्दर्भमा नेपालको संविधानमा तीन तहका सरकारहरुको जिम्मेवारी र अधिकार स्पष्ट गरिएको छ । विशेष गरी आर्थिक वित्तीय, प्राविधिक र अन्तर्राष्ट्रिय सम्बन्धसमेतको आधारमा हेर्दा संघ, प्रदेश र स्थानीय तहको कार्यहरुको प्रकृति पनि फरक-फरक रहन्छ । संविधानले संघ, प्रदेश र स्थानीय तहको अधिकार प्रयोगको लागि अलग-अलग आर्थिक कार्यप्रणालीलाई व्यवस्थित गरी संघीय सञ्चित कोष, प्रदेश सञ्चित कोष र स्थानीय सञ्चित कोषसमेत तिनै तहको स्रोत परिचालन, कोष व्यवस्थापन, खर्च निकासा पद्धति, जाँच परीक्षणलगायतका वित्त व्यवस्था कार्यहरुलाई संवैधानिक प्रत्याभूति प्रदान गरेको छ ।

नेपालको संविधानबमोजिम वैदेशिक सहायता र ऋण लिने अधिकार नेपाल सरकारलाई दिएको छ । नेपाल सरकारको स्वीकृतिमा प्रदेशले पनि लिन पाउने व्यवस्था छ । साथै अन्तर सरकारी वित्त व्यवस्थापन ऐनले वैदेशिक सहायता परिचालनका क्षेत्रहरु स्पष्ट तोकेको छ । संघीयताको सफल कार्यान्वयनको महत्वपूर्ण पक्षको रुपमा रहेको वित्तीय संघीयताको कानुनी आधारको रुपमा नेपालको संविधान र अन्य कानुनहरु कार्यान्वयनमा छन् भने केही द्विविधाहरुको निराकरणका लागि कानुन बनेर संशोधन हुने प्रक्रियामा रहेका छन् । नेपालको संविधानको धारा ४ अनुसार नेपाल स्वतन्त्र, अभिराज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवादउन्मुख, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो । धारा ५६ मा राज्यको संरचना संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी ३ तह हुने व्यवस्था छ । त्यस्तै धारा ५७ मा राज्यशक्तिको बाँडफाँड अनुसूची ५, ६, ७, ८, ९ मा व्यवस्था भए अनुरुप एकल तथा साझा अधिकारहरु संविधान र संघ, प्रदेश र स्थानीय कानुनबमोजिम प्रयोग गर्ने व्यवस्था रहेको छ । धारा ५८ मा अवशिष्ट अधिकारको प्रयोग गर्न संघलाई तोकिएको छ । त्यसै गरी धारा ५९ मा संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्रको आर्थिक अधिकारसम्बन्धी विषयमा कानुन बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति र योजना तयार गर्ने र त्यसको कार्यान्वयनको अधिकारको सुनिश्चितता गरिएको छ ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अन्तर्गत नेपाल सरकार, प्रदेश र स्थानीय तहको राजस्वको अधिकार, राजस्व बाँडफाँड, अनुदान, ऋण, बजेट व्यवस्थापन, सार्वजनिक खर्च तथा वित्तीय अनुशासनसम्बन्धमा आवश्यक व्यवस्थापन गर्न बनेको ऐन हो । यस ऐनका प्रमुख प्रावधानहरुमा राजस्वसम्बन्धी कर, गैरकर तथा रोयल्टी लगाउन सक्ने, गैरकरका आधार निर्धारण गर्ने, एकल कर, गैरकर, मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्क बाँडफाँड, सवारीसाधन करको बाँडफाँड र प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी बाँडफाँड, अनुदानसम्बन्धमा नेपाल सरकारले प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा वित्तीय समानीकरण अनुदान, नेपाल सरकारले ससर्त, समपूरक विशेष अनुदान दिने व्यवस्था रहेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अन्तर्गत यस ऐनले स्थानीय तहलाई घर वा घरले चर्चेको जग्गामा सम्पत्ति कर अन्य जग्गामा भूमिकर लगाउने, भवन, पसल, ग्यारेज, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी बहाल रकममा कर लगाउने, पूँजीगत लगानी वा आर्थिक कारोबारका आधारमा व्यवसाय कर लगाउने, बहाल बिटौरी कर लगाउने, पार्किङ शुल्क लगाउने, जडीबुटी, कवाडी र जीवजन्तु संकलन हुने स्थानको स्थानीय तहले यी वस्तुमा कर लगाउन सक्ने अधिकार प्रदान गरेको छ । समपूरक अनुदान कार्यविधि २०७५, विशेष अनुदान कार्यविधि २०७५, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको स्रोतका बाँडफाँडसम्बन्धी सिफारिसले पनि वित्तीय पक्षलाई प्रभाव पार्दछ ।

वित्तीय संघीयता कार्यान्वयनमा तीनवटै तहका व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका, संसदीय समितिहरु, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, महालेखा परीक्षकको कार्यालय, अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालयलगायत संघ, प्रदेश र स्थानीय तहका सरोकारवाला संस्थाहरुको भूमिका रहेको छ । साथै अन्तरसरकारी वित्त परिषद्ले पनि संघ, प्रदेश र स्थानीय तहमा देखिएका समस्याहरुको पहिचान र समाधान गर्ने कार्य गर्दै आएको छ ।

आर्थिक वर्ष २०८१/८२ को बजेट वक्तव्यमा उल्लेख गरिएअनुसार यस आर्थिक वर्षमा नेपालको संविधानमा व्यवस्था भएबमोजिम राजस्व बाँडफाँड र वित्त हस्तान्तरणलाई प्रभावकारी बनाई वित्तीय संघीयतालाई सबल बनाइनुका साथै प्रदेश र स्थानीय तहमा समेत आयोजना बैंक र मध्यमकालीन खर्च संरचना सूचना प्रणाली लागू गरी आयोजना विकास र छनौट प्रणालीलाई व्यवस्थित र पारदर्शी बनाइने कार्यक्रम राखिएको छ । प्रदेश र स्थानीय तहमा सार्वजनिक वित्त व्यवस्थापनसम्बन्धी क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनुका साथै जिल्ला समन्वय समितिको क्षमता विकास गरी प्रदेश र स्थानीय तहमा सञ्चालित योजनाको अनुगमनलाई प्रभावकारी बनाइने नीति लिइएको छ । प्रदेश सरकारले संकलन गरी स्थानीय तहमा बाँडफाँड गर्ने सवारीसाधन कर, मालपोत कार्यालयले संकलन गरी प्रदेश र स्थानीय तहमा बाँडफाँड गर्ने घरजग्गा रजिस्ट्रेसन शुल्क हरेक महिना समाप्त भएको मितिले पन्ध्र दिनभित्र तत्-तत् तहमा जम्मा गर्नुपर्ने व्यवस्था मिलाइने कार्यक्रम राखिएको छ ।

**वित्तीय संघीयताका चार आधार :**

१- खर्च जिम्मेवारी : संघीयताको आधारभूत पक्ष कार्य जिम्मेवारी विभाजन र खर्च व्यवस्थापन हो । संघीयता अवलम्बन गरेका विश्वका सबै देशहरूमा खर्चको जिम्मेवारी कानुनद्वारा स्पष्ट गरिएको हुन्छ । सविधानले संघ, प्रदेश र स्थानीय तहको अधिकार प्रयोगको लागि अलग-अलग आर्थिक कार्य प्रणालीलाई व्यवस्थित गरी संघीय सञ्चित कोष, प्रदेश सञ्चित कोष र स्थानीय सञ्चित कोषसमेत तीनै तहको स्रोत परिचालन, कोष व्यवस्थापन, खर्च निकासा पद्धति, जाँच परीक्षणलगायतका वित्त व्यवस्थापन कार्यहरूलाई संवैधानिक प्रत्याभूति प्रदान गरेको छ ।

२- राजस्व अधिकार र जिम्मेवारी : राजस्व परिचालनको अधिकार राजस्व र आर्थिक स्रोतको पहिचान र परिचालनसँग सम्बन्धित रहेको हुन्छ । वित्तीय संघीयतामा राज्यका सबै तहलाई संवैधानिकरूपमा आर्थिक स्रोत परिचालनको अधिकार रहन्छ । यस्तो अधिकार मुलुकको संविधान र ऐन कानुनले व्यवस्था गरेको हुन्छ । नेपालको संविधानको धारा ६० मा राजस्व स्रोतको बाँडफाँडसम्बन्धी व्यवस्था गरिएको छ ।

३- राजस्व बाँडफाँडको आधार : संघीय संरचनामा तीनै तहको सरकारको वित्तीय स्रोतको बाँडफाँड गर्ने प्रयोजनको लागि नेपालको संविधान, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४ लगायत अन्य व्यवस्थाहरू रहेका छन् । नेपालको संविधानको धारा ६० मा नेपाल सरकारले संकलन गरेको राजस्व संघ, प्रदेश र स्थानीय तहलाई न्यायोचित वितरण गर्ने व्यवस्था मिलाइने प्रावधान छ ।

४- अन्तरसरकारी वित्त हस्तान्तरण : नेपालमा अन्तरसरकारी वित्त हस्तान्तरणका दुई स्वरूपः राजस्व बाँडफाँड र वित्तीय हस्तान्तरण छन् । यससम्बन्धी व्यवस्था संविधानको धारा ६० र २५१ का विभिन्न उपधारामा गरिएको छ । जसअन्तर्गत राजस्व बाँडफाँडका अतिरिक्त समानीकरण अनुदान, ससर्त अनुदान, विशेष अनुदान, समपूरक अनुदानका माध्यमबाट अन्तरसरकारी वित्तीय हस्तान्तरण गरिने व्यवस्था गरिएको छ । वित्तीय हस्तान्तरण सरकारको एक इकाइबाट अर्को इकाइमा हुने वित्तीय स्थानान्तरण हो । खासगरी प्रदेश र स्थानीय तहहरूको आन्तरिक राजस्व संकलन र परिचालन न्यून भएकोले विभिन्न प्रकृतिका अनुदान र वित्तीय हस्तान्तरणबाट नै प्रदेश र स्थानीय तहले आफ्नो खर्च व्यवस्थापन गर्ने गरेका छन् ।

वर्तमान सोह्रौं योजना (२०८१/८२-२०८५/८६) मा संघीय शासन प्रणालीअन्तर्गत विद्युतीय सुशासनको संस्थागत विकासअन्तर्गत एकै प्रकारको विवरण पटक-पटक संकलन नगरी एकीकृत रूपमा संकलन गर्ने प्रणालीको विकास गर्ने, विभिन्न निकायले प्रयोग गरिरहेका सूचना प्रविधि एवम् डाटाबेसका प्रणालीको बीचमा अन्तर-आबद्धता कायम गर्ने नीति राखिएको छ। यसको साथै सबै प्रकारका भ्रष्टाचारजन्य क्रियाकलापको अन्त्य गर्न पूर्ण नगदरहित कारोबारका लागि नीतिगत, कानुनी, संस्थागत र कार्यक्रमहरूको तर्जुमा एवम् विकास गर्नु सबै सार्वजनिक निकायहरूले कानुनमा तोकिएको प्रक्रिया, विधि र समयभित्र बजेट तर्जुमा र बजेटको प्रभावकारी कार्यान्वयन गर्ने कार्यक्रम राखिएको छ ।

राजनीतिक दलको आर्थिक कारोबारलाई पारदर्शी बनाउने नीति राखिएको छ। संघ, प्रदेश र स्थानीय तहको सरकारी सेवा सञ्चालन र व्यवस्थापनको लागि आवश्यक कानुनी प्रबन्ध गर्नु, संघीय संरचनामा आवश्यक पर्ने दक्ष जनशक्ति व्यवस्थापन गर्नु, नेपाल सरकारको कार्य विस्तृतीकरण प्रतिवेदनअनुसार प्रत्येक तहका सरकारले आफ्नो कार्य जिम्मेवारीबमोजिमका कार्य सञ्चालन गर्नु, तथ्यांकको संयोजन र समन्वयको कार्यलाई प्रभावकारी बनाउने कार्यक्रम तथा नीति राखिएको पाइन्छ ।

नेपालको संविधान २०७२ ले राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय गरी तीन तहको संरचनाबाट हुने व्यवस्था गरी छुट्टाछुट्टै एवम् साझा अधिकारहरूको समेत स्पष्ट निर्धारण गरेको छ । यस्तो व्यवस्थाबाट सरकारलाई जनताको नजिक पुऱ्याई शक्ति र स्रोतमाथि नागरिकको पहुँच स्थापित गर्ने र विकास तथा सेवा प्रवाहमा स्थानीय सहभागिता र स्वामित्व कायम हुने अवस्था सिर्जना भएको छ । यसबाट जनतालाई वास्तविकरूपमै सार्वभौमसत्ता सम्पन्न तुल्याई शासनमा उनीहरूको अर्थपूर्ण सहभागिताको सुनिश्चित गर्दै लोकतन्त्रलाई स्थानीय तहदेखि नै संस्थागत र मजबुत बनाउने अवसर प्राप्त भएको छ । स्थानीय स्वायत्त शासनअन्तर्गत स्थानीय सुशासन, गुणस्तरीय आधारभूत सेवा प्रवाहमा सबैको सहज पहुँच, स्थानीय पूर्वाधार निर्माण, लक्षित वर्ग तथा क्षेत्रको आर्थिक, सामाजिक सशक्तीकरण एवम् समावेशीकरण, सामाजिक परिचालन, सहभागितामूलक योजना तथा विकास, स्थानीय जीविकोपार्जन एवम् रोजगारी, सामाजिक सुरक्षा र स्थानीय तहमा सञ्चालन गरिने अभियानमूलक रचनात्मक कुराहरूको सुनिश्चितता हुने देखिएको छ ।

आर्थिक वर्ष २०८१/८२ को बजेट वक्तव्यमा उल्लेख गरिएअनुसार यस आर्थिक वर्षमा शासकीय सुधार कार्यक्रमअन्तर्गत संघीय निजामती सेवा कानुन यसै अधिवेशनबाट पारित गरी कार्यान्वयन गरिने कार्यक्रम राखिएको छ । राष्ट्रसेवक कर्मचारीको मनोबल बढाउन, काममा उत्प्रेरित गराउन, सेवा सुरक्षा, संरक्षण र अनुमानयोग्य सरुवा-बढुवा प्रणाली सुनिश्चित गरिने कार्यक्रम राखिएको छ । सार्वजनिक क्षेत्रमा सूचना प्रविधिको अधिकतम प्रयोग गरी सेवाप्रवाहलाई थप सुदृढ गरिने कार्यक्रम राखिएको छ। ई गभर्नेन्सको माध्यमबाट सार्वजनिक सेवालाई मुहाररहित, कागजरहित र सम्पर्करहित बनाई गुणस्तर अभिवृद्धि गरिने कार्यक्रम राखिएको छ । सेवाग्राही र सेवाप्रदायकबीच नियमित संवादमार्फत सम्पादित कामको विषयमा सेवाग्राहीको पृष्ठपोषण लिन, गुनासाको तत्काल सम्बोधन गर्न र कार्यसम्पादनमा सुधार ल्याउन सेवाग्राहीसँग कार्यक्रम सञ्चालन गरिने कार्यक्रम राखिएको छ ।

वित्तीय संघीयताका प्रमुख समस्या तथा चुनौतीहरुमा संविधानका अनुसूचीमा उल्लिखित कार्यहरु सम्पादनका लागि तथा साझा अधिकारको कार्यान्वयन गर्न कानुन निर्माणमा केही ढिलाइले द्विविधा र असहजता ल्याएको छ । संघीयताको कार्यान्वयन भई प्रदेश र स्थानीय तहको सरकारहरु गठन भएको २ वर्ष बितिसकेको छ । हालसम्म पनि प्रदेश र स्थानीय तहको लागि आवश्यक जनशक्ति व्यवस्थापन हुन नसक्दा समयमा बजेट ल्याउने, विकास निर्माण र सामाजिक क्षेत्रका कामहरु यथोचितरुपमा सम्पन्न हुन सकेका छैनन् । स्पष्ट कानुन र दृष्टिकोणको अभावमा प्रदेश र स्थानीय सरकारहरुको जनभावना विपरीत कर लगाउने, फिर्ता लिनेजस्ता प्रवृत्तिले सरकारप्रतिको विश्वास र भरोसामा केही कमी आउने र अन्ततः संघीयताको मर्म र भावनाअनुसारको डेलिभरी नहुने चुनौती छ । संघ, प्रदेश र स्थानीय तहमा हस्तान्तरण हुने अनुदान रकमको कानुनबमोजिम विनियोजन र खर्च हुन सकेको छैन । अन्तरप्रदेश र अन्तरस्थानीय निकायबीच आर्थिक क्रियाकलाप र स्रोत परिचालनमा आपसी समन्वय कायम गर्ने, दोहोरोपना हुन नदिने, स्रोत छरिन नदिने र एक तहको कार्यलाई अर्को तहको कार्यसँग परिपूरक बनाउने वातावरणको विकास गर्न

*बाँकी चार पृष्ठमा*

# विकासमा पनि राजनीतिकरण भयो

**नरेश भण्डारी**

संघीयता अनुरुप प्रदेश सरकारको अभ्यास हुन थालेपछि कर्णालीको पहिलो सरकारले केही लोकप्रिय कार्यक्रम ल्याएको थियो । प्रदेश योजना आयोगले पहिलो पञ्चवर्षीय योजना निर्माण गरिसकेपछि त्यसकै आधारमा ती कार्यक्रम ल्याइएका थिए ।

बैंक खाता छोरीको : सुरक्षा जीवनभरिको, जनता आवास कार्यक्रम, कर्णाली उज्यालो, मुख्यमन्त्री रोजगार, नमुना स्कुल, माउन्टेन युनिभर्सिटी लगायतका कार्यक्रम निकै महत्त्वाकांक्षी तरिकाले अघि बढाइएका हुन् । तर अहिले ती आयोजना धेरै अलपत्र, कोही खुम्चिएको अवस्थामा छन् । यस्ता कार्यक्रमले निरन्तरता पाउनुपर्ने हो तर यहाँ अनेकन समस्याका कारण प्रभावकारी कार्यान्वयन हुन सकेको छैन ।

त्यतिबेला कर्णालीको वस्तुगत आवश्यकता, जनताको जीवनस्तरलाई सम्बोधन गर्नेगरी यथार्थपरक कार्यक्रम तय गरिएका हुन् । ती कुनै महत्त्वाकांक्षी, वस्तुवादी र राजनीतिक भावना, सोचबाट 'गाइडेड' भएर बनाइएका थिएनन् । यर्थाथवादमै रहेर कार्यक्रम तय भएका थिए । ती कार्यक्रमलाई निरन्तरता दिनुको साटो पछिल्ला सरकारहरूले थन्क्याएका छन् । ती कार्यक्रम कार्यान्वयनमा त्यसपछिका सरकारले उदासीनता देखाइरहेका छन् ।

वास्तवमा विकासको मूल्य, मान्यतामा सरकार नै प्रस्ट छ जस्तो लाग्दैन । सरकार भनेको व्यक्ति हैन, अविच्छिन्न उत्तराधिकारवाला निकाय हो । त्यसो हुँदा स्वतः पुरानो सरकारको दायित्व नयाँ सरकारले ग्रहण गर्नुपर्ने हो । तर कर्णालीमा त्यसको ठिक उल्टो भइरहेको छ । यहाँ मुख्यमन्त्री (व्यक्ति) नै सरकार जस्तो देखिन्छ । परिणामस्वरुप मुख्यमन्त्रीलाई मनमा लागेको भरमा योजना घोषणा गर्ने, अर्को मुख्यमन्त्री आएपछि अघिल्लो मुख्यमन्त्रीको योजनालाई थन्क्याउने प्रचलन देखिन्छ ।

अहिलेको प्रमुख समस्या नै विकासमा पनि राजनीतिकरण गर्ने प्रवृत्ति भयो । विकासको सिद्धान्तलाई नबुझ्ने परम्परा भयो । हुन त यो विगतदेखि नै चल्दै आएको हो, त्यसैको सिको पनि होला । तर, यसले अन्ततः सकारात्मक प्रतिफल दिँदैन ।

पहिलो कुरा, 'भिजनरी लिडरसीप'को अभाव देखिन्छ । अर्को, राजनीतिक प्रतिशोध पनि छ । तेस्रो, विकासको सिद्धान्त, रणनीतिका बारेमा त्यत्ति प्रस्टता नभएको जस्तो देखिएको छ ।

यसरी कर्णालीको विकास र रुपान्तरण सम्भव छैन । यस्ता खालका कार्यक्रमहरूले निरन्तरता नपाउनु आफैँमा दुःखद् कुरा हो । यो कर्णालीको भविष्यमाथि पनि खेलवाड हो । ती कार्यक्रम किन कार्यान्वयन हुन सकेनन्, तिनलाई किन थन्क्याइयो वा अल्झ्याएर राखियो भन्ने कुरा पछिल्ला सरकारहरूले भन्न सक्नुपर्छ । उहाँहरूले कुनै नयाँ लोकप्रिय कार्यक्रम त ल्याउनुपर्‍यो नि ! ती कार्यक्रमलाई माइनस गर्नेगरी कुनै कार्यक्रम ल्याएको त कतै देखिन्न । सरकारले बृहत् अध्ययन गरेर ल्याएका कार्यक्रमलाई औचित्य छैन भन्ने अनि अर्कोतिर कुनै पनि प्रभावकारी, लोकप्रिय कार्यक्रम ल्याउन नसक्नु भनेको त आफैँमा दुःखद् पक्ष हो ।

सरकार अविच्छिन्न उत्तराधिकारवाला संस्था भएकाले अघिल्ला सरकारले ल्याएका योजना तथा कार्यक्रमको जिम्मेवारी स्वतः नयाँ सरकारको काँधमा आउँछ । यसले विकासका कुरालाई निरन्तरता दिन्छ । यदि अघिल्ला सरकारले ल्याएका योजना तथा कार्यक्रम समयसापेक्ष भएन वा त्यसको प्रभावकारिता देखिएन भने त्योभन्दा राम्रो कार्यक्रम ल्याउन सक्नुपर्‍यो । ताकि उक्त कार्यक्रमले कर्णालीको विकास र समृद्धिलाई योगदान गर्न सकोस् । हैन भने ती कार्यक्रमलाई सरकारले त निरन्तरता दिनुपर्‍यो नि ! सरकार नै अलमलमा छ ।

४ विकासलाई हेर्ने कर्णाली सरकारको 'लेन्स' नै प्रस्ट छैन । सरकारले अहिले जुन 'लेन्स' प्रयोग गरिरहेको छ, त्यसले न पुरानो लोकप्रिय कार्यक्रम देख्यो, न नयाँ कार्यक्रम निर्माण गर्न सकेको देखिन्छ । विकासलाई कुनै खास दलको 'लेन्स'बाट नभइ समग्र प्रदेशको हितलाई ध्यानमा राखेर हेर्न सक्नुपर्छ ।

योजना छनोटको प्रक्रिया पनि वैज्ञानिक देखिँदैन । छनोट गर्दा विभिन्न चरण पार गर्नुपर्ने हो, ताकि त्यसको दीर्घकालीन 'रोडम्याप'मा 'गाइडेड' हुन सकोस् । तर हामीकहाँ सांसद, मन्त्री, मुख्यमन्त्रीले पकेटबाट योजना छान्ने गलत प्रवृत्ति छ । केही सांसदले रणनीतिक योजना छान्लान्, तर बहुसंख्यक सांसदहरूमा त विकासको स्पष्ट भिजन, सोच हुँदैन । त्यसो नहुँदा कतैबाट 'गाइडेड' भएर प्रेसरका आधारमा छनोट गर्ने काम भइरहेको छ । यो गलत प्रवृत्ति हो ।

प्रशासनिक मेकानिजम पनि कर्णालीमा त्यत्ति उपयोग हुन सकिरहेको छैन । त्यसैले योजना निर्माणको एउटा वैज्ञानिक विधि, नीति तथा कानुनको अभाव कर्णालीमा देखिन्छ । कर्णालीको समग्र विकास चाहने हो भने यस्ता कमजोरी सच्याउनु पर्छ ।

राजनीतिक अस्थिरता पनि एउटा समस्याका रूपमा देखिएको छ । अस्थिर सरकारले विकासे कार्यक्रमलाई गति दिन समस्या हुन्छ नै । तर हामीले संस्थागत गतिविधि गर्नुपर्छ । संस्थागत विकास गरेर अगाडि बढ्न सकेको खण्डमा सरकार परिवर्तनको खेलले खासै असर गर्दैन । हामी संस्थागत ढंगले अघि बढ्न सकेनौँ । सरकारका संयन्त्रहरूलाई संस्थागत विकासमा चलायमान गर्न सकेनौँ । परिणामस्वरुप विकासे काम, नीति तथा कार्यक्रम लागु गर्ने कुरामा झन् समस्या थपियो ।

प्रदेश सरकारले कर्णालीको विकास र परिवर्तनका लागि नयाँ सोच, रणनीतिका साथ कार्यक्रम गर्नुपर्छ । रिसर्च गर्नुपर्‍यो र त्यसको आधारमा प्रदेशमा कस्ता कार्यक्रम आवश्यक छ भन्ने पहिल्याउनु पर्छ । कर्णालीमा विकासका निमित्त भिजन के हो ? यो विषयमा सरकार नै लाग्नुपर्छ । विकासका विज्ञहरूलाई बोलाएर, अनुसन्धानकर्ताहरूलाई आह्वान गरेर कर्णाली विकासको 'रोडम्याप' के हो त भन्ने विषयमा 'प्लानिङ' गरौं । सरकार परिवर्तन भए पनि प्रदेश र प्रदेशवासीको हितमा ल्याइएका कार्यक्रमलाई निरन्तरता दिन सकेमा प्रतिफल पनि सकारात्मक नै आउँछ । अन्यथा, एउटा सरकारले कार्यक्रम ल्याउँछ, अर्को सरकारले त्यसलाई थन्क्याइदिन्छ । स्वाभाविक हो, यस्तो प्रवृत्तिले हामीलाई कहीं पनि पुर्‍याउँदैन । (कर्णाली सरकारका पूर्वकानुनमन्त्री नरेश भण्डारीसँग रातोपाटीका लागि पंखबहादुर शाहीले गरेको कुराकानीमा आधारित ।) रातोपाटीबाट

### *नेपालमा वित्तीय...*

सकिएको छैन । वित्तीय संघीयता कार्यान्वयनका लागि प्रदेश र स्थानीय तहको क्षमता विकास हुन सकेको छैन।

तीन तहबाट कार्यान्वयन हुने कार्यक्रमहरु एक-अर्कासँग नदोहोरिने र परिपूरक हुने गरी सञ्चालन गर्नुपर्छ। अन्तरप्रदेश परिषद्, अन्तरसरकारी वित्त परिषद् र प्रदेश समन्वय परिषद्को भूमिका बढाउँदै अन्तरसरकारी समन्वय र नियन्त्रण प्रणालीलाई अझ प्रभावकारी बनाउनुपर्छ । प्रदेश तथा स्थानीय तहको राजस्व क्षमता र सम्भाव्यताको अध्ययन गरी राजस्व परिचालनमा थप सुधार गर्नुपर्छ । प्रदेश र स्थानीय तहमा भएको वित्तीय हस्तान्तरण कार्यसम्पादन र उपयोगको प्रभावकारिताको आधारमा हुने व्यवस्था मिलाउनुपर्छ । वित्त व्यवस्थापनमा संलग्न निकाय प्राकृतिक स्रोत तथा वित्त आयोग, प्रदेश, स्थानीय तहहरुको संस्थागत क्षमता विकास गर्नुपर्छ । (लेखक हाडा अधिवक्ता तथा अवकाशप्राप्त सह-प्राध्यापक हुनुहुन्छ ।) न्युज अफ नेपालबाट


## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्काले नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**राजगढ गाउँपालिका, सप्तरी**



## सप्तरीका रमणीय ठाउहरुबारे तपाईंलाई थाहा छ ?

सप्तरी जिल्ला पर्यटकीय गन्तव्यका लागि आकर्षक छ । तर, यसबारे धेरैलाई जानकारी छैन् । धार्मिक पर्यटकदेखि रमणियस्थलहरु छन् । धार्मिक पर्यटनमा मुलुककै प्रसिद्ध एवं चर्चित छिन्नमस्ता मन्दिर यहीं जिल्लामा छन् । छिन्नमस्ता गाउँपालिकामा अविस्थत यो मन्दिरमा पूजापाठ गर्न टाढ टाढाबाट व्यक्तिहरु आउने गर्छन् । मन्दिर अगाडि रहेको पोखरी, पिकनिक स्पोर्ट, धर्मशाला समेत यहाँ रहेको छ ।

**कंकालिनी मन्दिर :** हनुमाननगर कंकालिनी नगरपालिका वडा नम्बर १ भारदहस्थित यो मन्दिर पनि मुलुककै चर्चित देवी मन्दिर हो ।

**शम्भुनाथ मन्दिर :** यो शम्भुनाथ नगरपालिकाभित्र छ । मन्दिरकै नामबाट पालिकाको नामांकरण समेत गरिएको छ । यहाँ बिक्रम सम्वत्को नयाँ साल अर्थात् बैशाख १ गतेदेखि एक महिनासम्म ठूलो मेला लाग्ने गर्दछ । साउन महिनामा श्रद्धालुको ठूलो घुइँचो यहाँ लाग्ने गर्दछ ।

**हनुमान मन्दिर :** हनुमानगर कंकालिनी नगरपालिकाको हनुमाननगर बजारमा पुरानो हनुमान मन्दिर छ । कालो हनुमान मन्दिर पुग्दा जोकोहि पनि मोहित हुन्छन् । जिल्लामा अन्य धेरै देवी देवताका मन्दिरहरु छन् ।

**कोशी टप्पु :** कोशी टप्पु वन्यजन्तु आरक्ष पनि यहीं जिल्लामा छन् । कंचनरुप नगरपालिकास्थित आरक्षमा गैंडासहित बिभिन्न वन्यजन्तुहरुको अवलोकन गर्न सकिन्छ ।

**धारापानी क्षेत्र :** चुरको कोखमा रहेको यो धारापानी क्षेत्र कंचनरुप नगरपालिकामा रहेको छ । यो ठाउँ पिकनिक मनाउनका लागि राम्रो स्थल मानिन्छ ।

**लोहजारा दह :** तिरहुत गाउँपालिकामा रहेको छ यो दह । यो ठाउँ पिकनिक मनाउनका लागि प्रसिद्ध मानिएको छ यो ठाउँ । यी ठाउँहरुको अवलोकन गरौं र मनलाई प्रसन्न बनाऔं । **सप्तरीका पर्यटकीय स्थलहरुको संरक्षणमा आ-आफ्नो तर्फबाट योगदान पुऱ्याऔं ।**

**जनहीतका लागि : उद्योग, बाणिज्य तथा पर्यटन मन्त्रालय, मधेश प्रदेश, पर्यटन विकास कार्यालय लहान, सिरहा**

# कृषि औजारसहित किसान सडकमा उत्रे

**राजविराज**/सप्तरीका किसानहरु कृषि औजारसहित बिहीबार सडक उत्रेका छन्। जनमत पार्टी सप्तरीको अगुवाईमा किसानहरु राजविराजको सडकमा उत्रेका हुन्।

जनमत पार्टी संसदीय दलका नेता समेत रहेका प्रदेश सांसद महेश प्रसाद यादवले किसानहरुले मलको चरम अभाव खेप्दै आएको भन्दै खेतीपातीको समयमा पनि मलखाद्य नपाउँदा समस्या भएको भन्दै पटक/पटक सम्बन्धित निकायमा लिखित र मौखिक रुपमा ध्यानाकर्षण गराउँदा पनि कुनै सुनवाई नभएकाले बाध्य भई सडक संघर्षमा उत्रनु परेको बताए।

स्थानीय राजरंगशालाबाट गोरुगाडा, हलो, मलको खाली बोरा लगायत सरसमानसहित हजारौंको संख्यामा निस्केको किसानहरुको जुलुश “मलखाद्यको व्यवस्था गर, किसानको समस्या समाधान गर, कालोबजारी बन्द गर, पर्याप्त मल किन वा किन्न देऊ, कालोबजारी गर्नेहरुलाई कारावाही गर” लगायतका नारा लगाउदै बजार क्षेत्र परिक्रमा गरेको थियो।

बजार परिक्रमा पश्चात शहिद दशन चौकमा जनमत पार्टीका जिल्ला इन्चार्ज रामगमन साहको अध्यक्षतामा आयोजित विरोध सभामा प्रदेश सांसद महेश प्रसाद यादव, हनुमाननगर कंकालिनी नगरपालिका मेयर बिरेन्द्र माझी, बलान विहुल गाउँपालिकाका अध्यक्ष खेमचन्द्र यादव लगायतले वर्षेनी उत्पन्न हुने मलखाद्य अभावको समस्याको स्थायी समाधान नखोजिए आन्दोलनको आँधीबेरी सिर्जना गर्ने चेतावनी दिएका थिए।

सप्तरीमा कुल ७० हजार हेक्टर खेती योग्य जग्गा छ। तर मलखादको अभावमा आधी जग्गामा पनि खेतीपाती गर्न कठिन भएको किसानहरुको गुनासो छ। मलखाद वितरण गर्ने काम साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड र कृषि सामग्री कम्पनीले गर्ने गरे पनि ती दुबै निकायमा अहिले माग अनुसारको मलखाद नहुदा समस्या भएको हो।

# राजविराजबाट दैनिक दुई उडान हुने

**राजविराज**/राजविराज विमानस्थलबाट केही दिनपछी दैनिक दुई उडान हुने भएको छ। सोमबार रात्रीकालिन सेवाका लागि गरिएको परिक्षण उडान पश्चात् दैनिक दुई उडान गर्ने तयारी गरिएको हो।

संघीय सरकारका पर्यटन मन्त्रि बद्री पाण्डे र मधेश प्रदेशका मुख्यमन्त्रि सतिश कुमार सिंहको उपस्थितिमा परिक्षण उडान गरिएको छ।

सो क्रममा लाइट सेटिङसहित भौतिक पूर्वाधार र प्राविधिक रुपमा उपयुक्त देखिएकाले अब यस विमानस्थलबाट दैनिक दुई उडान हुने भएको राजविराज विमानस्थलका प्रमुख ध्रुबकुमार श्रेष्ठले जानकारी दिए।

रात्रीकालिन उडानलाई नियमित गर्न झण्डै एक महिना समय लाग्ने बुद्ध एयरका स्टेशन म्यानेजर अनिल राजबंशीले बताएका छन्। हवाई ट्राफिक व्यवस्थापन तथा अन्य केही प्रक्रियाहरु पुरा गर्न बाँकी रहेकाले कम्तिमा एक महिना समय लाग्ने उनको भनाई छ।

बि.स. २०१६ सालमा तत्कालिन उद्योग मन्त्री गणेशमान सिंहद्वारा उद्घाटन गरिएको राजविराज विमानस्थलबाट विमानस्थलको धावन मार्ग कालोपत्रे गर्ने कार्यमा ढिलाई हुँदा लामो पखाईपछी उडान सेवा संचालन भएको थियो।

सुरुमा श्रीएयारलायन्स विमानले २०७५ सालदेखी साताको तीन दिन उडान सेवा संचालन गरेपनि यात्रुको अभाव देखाई सेवामा कटौती गरेको थियो। त्यसपछी पटक पटक हवाई सेवा संचालन र बन्द हुने क्रम चलेको थियो।

पहिलो रात्रीकालिन उडानमा राजविराजबाट उक्त विमान चढी संघीय सरकारका पर्यटन मन्त्रि बद्री पाण्डे पनि काठमाडौं प्रस्थान गर्ने बुद्ध एयरलायन्सका स्टेशन म्यानेजर राजबंशीले जानकारी दिए।

उक्त विमानस्थलबाट २०७६ माघ १८ गतेदेखी बुद्ध एयरको जहाजले दैनिक दिउँसोको समयमा एक पटक उडान गर्दै आएको छ। हाल यात्रुको चाप बढ्दै गएको तर एउटै उडानका कारण सप्तरी र आसपासका यात्रुलाई असुविधा भइरहेको गुनासो बढ्दै गएपछी यहाँका जनप्रतिनिधिहरुको पहलमा दैनिक दुई उडान सेवा सम्भव भएको बताइएको छ।

# स्कारपिओले मोटरसाइकललाई ठक्कर दिँदा एक युवकको मृत्यु

**राजविराज**/सप्तरीको बोदेबरसाइन नगरपालिका १० खडकपुरमा स्कारपिओले मोटरसाइकललाई ठक्कर दिँदा एक युवकको मृत्यु भएको छ।

बोदेबरसाइन-सुभनपट्टी खण्डअन्तर्गत भएको सो दुर्घटनामा मोटरसाइकल पछाडि सवार खडक नगरपालिका ७ कल्याणपुर बस्ने अन्दाजी ३२ वर्षीय मोहम्मद कोराइस अलिको अस्पताल लैजाने क्रममा मृत्यु भएको हो।

सुभनपट्टीबाट बोदेबरसाइनतर्फ आउँदै गरेको विआर ०७ विएबी ८१७२ नं भारतीय स्कारपिओले विपरीत दिशाबाट आएका मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल पछाडि सवार अलिको मृत्यु भएको इलाका प्रहरी कार्यालय बोदेबरसाइनले जनाएको छ।

दुर्घटनामा परेको मोटरसाइकल चालक सोही खडक नगरपालिका ११ का अन्दाजी वर्ष २४ का मो. सदाम गम्भीर घाइते भएका छन्। उनको स्थानीय जीवनज्योति अस्पताल बोदेबर्साइनमा उपचार भइरहेको तथा ठक्कर दिने स्कारपिओ इलाका प्रहरी कार्यालय बोदेबर्साइनको नियन्त्रणमा रहेको प्रहरीले जनाएको छ।

स्कारपिओका चालक फरार रहेको प्रहरीले बताए। साथै दुर्घटनासम्बन्धी थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# पहिचान नखुलेको व्यक्तिको शव फेला

**राजविराज**/सप्तरीको रुपनी गाउँपालिकामा पहिचान नखुलेका एक व्यक्तिको शव फेला परेको छ। सो गाउँपालिका वडा नं. १ स्थित सामुदायिक भवनमा बुधबार अन्दाजी २८/२९ वर्षको पुरुषको बेवारिसे शव फेला परेको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार सो भवनमा नाम, थर, वतन नखुलेको पुरुष मृत अवस्थामा फेला परेको हो। फेला परेको शव राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालको शव गृहमा राखिएको र वेवारिसे पुरुषको पहिचानका लागि प्रहरीले अनुसन्धान सुरु गरेको जल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं।

**अनुरोधकर्ता**
**शम्भुनाथ नगरपालिका**
**नगर कार्यापालिकाको कार्यालय**
सप्तरी, मधेश प्रदेश

# अन्तर्राष्ट्रिय समाचार

## गाजामा २० लाखभन्दा बढी मानिस फसेका छन् : संयुक्त राष्ट्रसंघ

**गाजा**/गाजामा २० लाख भन्दा बढी मानिसहरू फसेका संयुक्त राष्ट्र सङ्घको राहत र कार्य एजेन्सी (युएनआरडब्लुए) का आपतकालीन अधिकारी लुइस वाटरिजले शुक्रबार बताउनुभएको छ।

युएनआरडब्लुएले हालैका दिनहरूमा गाजामा खराब मौसम अवस्था जारी रहने अपेक्षा गरेको छ। यसका बाबजुद पनि एजेन्सीलाई आश्रय सहायताभन्दा खानालाई प्राथमिकता दिन बाध्य पारिएको छ।

यसैबीच, संयुक्त राष्ट्र सङ्घको अन्तर्राष्ट्रिय बाल आपतकालीन कोष (युनिसेफ) ले गाजाका बालबालिकामा जारी सङ्कटको असरप्रति गहिरो चिन्ता व्यक्त गरेको छ। गाजामा युनिसेफका प्रमुख सञ्चार अधिकारी रोसालिया बोलिनले बालबालिकाको एउटा पुस्ताले आफ्नो अधिकारको गम्भीर उल्लङ्घन र आफ्नो भविष्यको विनाशको पीडा भोगिरहेको कुरा प्रकाश पारे।

चौध महिनाभन्दा बढी समयदेखि बालबालिका विपद्को छेउमा बाँचिरहेका छन्, जसमा १४ हजार ५०० भन्दा बढी बालबालिकाको मृत्यु भएको र हजारौं घाइते भएका छन्। युनिसेफले पनि जाडो सुरु हुने बित्तिकै स्थिति खराब हुने चेतावनी दिएको छ। गाजाका बालबालिकाहरू चिसोको सामना गरिरहेका छन्। धेरैले अझै गर्मीको लुगा लगाएर खाली खुट्टा हिँडिरहेका छन्। एजेन्सी

## अमेरिका र भारतले पृथ्वी-अवलोकन गर्ने उपग्रह प्रक्षेपण गर्ने

**लस एन्जलस**/नासा र भारतीय अन्तरिक्ष अनुसन्धान सङ्गठन (इसरो) ले मार्च २०२५ मा शक्तिशाली पृथ्वी-अवलोकन उपग्रह प्रक्षेपण गर्ने लक्ष्य राखेका छन्।

नासा-इसरो सिंथेटिक अपर्चर रडार (निसार) ले ग्रहको पारिस्थितिक प्रणाली, भूमि र समुद्री बरफ र पृथ्वीमा परिवर्तनहरू मापन गर्न प्रत्येक १२ दिनमा दुई पटक पृथ्वीको लगभग सबै जमिन र बरफको सतहहरू स्क्यान गर्नेछ।

निसार स्याटेलाइट भारतको दक्षिणपूर्वी तटमा रहेको सतीश धवन स्पेस सेन्टरबाट प्रक्षेपण हुनेछ। नासाका अनुसार निसारको अवलोकनले विश्वभरका अन्वेषकहरूलाई ग्रहको सतहमा आइसफिट, हिमनदी र समुन्द्री बरफलगायतका परिवर्तनहरू राम्ररी बुझ्न मद्दत गर्नेछ, जसले मानवतालाई फाइदा पुग्नेछ।

यसले पृथ्वीको वन र सिमसार पारिस्थितिक प्रणालीमा भएका परिवर्तनहरू साथै ग्रहको क्रस्टको आन्दोलन र विकृति जस्तै भूकम्प, पहिरो र ज्वालामुखी गतिविधिलाई पनि कब्जा गर्नेछ। एजेन्सी

## श्रीलङ्कामा बस दुर्घटना हुँदा तीन जनाको मृत्यु, २० भन्दा बढी घाइते

**कोलम्बो**/श्रीलङ्काको मध्य प्रान्तको ह्याटन-क्यान्डी मुख्य सडकमा रहेको मल्लवामा शनिबार एउटा यात्रुवाहक बस खाल्डोमा खस्दा तीन जनाको मृत्यु हुनुको साथै अन्य २० जना घाइते भएको प्रहरीले जनाएको छ।

घटनाको समयमा बसमा २५ यात्रु सवार थिए र सबै यात्रु घाइते भएको स्थानीय प्रहरीले जनाएको छ। घाइते तीन जनाको अस्पतालमा मृत्यु भएको प्रहरीले पुष्टि गरेको छ भने बाँकी यात्रुको क्षेत्रीय अस्पतालमा उपचार भइरहेको छ।

मोटर सवारी दुर्घटनाहरू श्रीलङ्कामा बारम्बार हुने घटनाहरू हुन्। आधिकारिक तथ्याङ्क अनुसार यस वर्ष जनवरी १ र अक्टोबर २५ बीच सडक दुर्घटनाहरूमा लगभग दुई हजार मानिसहरूको मृत्यु भएको छ। एजेन्सी

## पाकिस्तानमा आक्रमणमा १६ सैनिकको मृत्यु, ८ घाइते

**इस्लामाबाद**/पाकिस्तानको उत्तरपश्चिमी खैबर पख्तुनख्वा प्रान्तमा शनिबार बिहान भएको आतङ्कवादी आक्रमणमा १६ सैनिकको मृत्यु हुनुका साथै अन्य आठ जना घाइते भएका छन्।

प्रान्तको दक्षिणी वजिरिस्तान जिल्लामा स्थानीय समय अनुसार बिहान ३:३० बजे आक्रमण सुरु भएको थियो, जहाँ एक समन्वित फायर आक्रमणमा एक चेक पोस्टलाई निशाना बनाइएको थियो।

बाह्र जनाको शव सनाखत भएको छ भने थप चार जनाको पहिचान हुन बाँकी छ। स्रोतका अनुसार घाइतेहरूलाई तुरुन्तै अर्धसैनिक बलको फ्रन्टियर कोर ट्रेनिङ सेन्टरमा उपचारका लागि लगिएको थियो।

सेनाले आक्रमणको जवाफमा रकेट लन्चरहरू र अन्य उपलब्ध हतियारहरू प्रयोग गरेर प्रभावकारी रूपमा जवाफ दिए। पाकिस्तानी सेनाले आक्रमणकारीको बारेमा आधिकारिक बयान जारी गरेको छैन। एजेन्सी

# पुस १३ गते राजविराजमा श्रीजगन्नाथ रथयात्रा निकालिने

**राजविराज**/आउँदो पुस १३ गते राजविराजमा श्रीजगन्नाथ रथयात्रा निकालिने भएको छ । यसको सम्पूर्ण तयारी पुरा भइसकेको छ आयोजकले जनाएको छ ।

तेश्रो संस्करणको रथयात्रा राजविराज ७ स्थित लक्ष्मी नारायण राधाकृष्ण मन्दिरबाट निस्किएर बजार परिक्रमा गर्दै पुनः मन्दिरमा नै पुगेर समापन हुने पत्रकार सम्मेलनमा आयोजक समितिका अध्यक्ष हितेश यादवले जानकारी दिएका छन् ।

श्रीमद्भागवत कथा एवं जगन्नाथ रथयात्रा २०८१ का मुल आयोजक श्रीकृष्णभक्त मंडल सप्तरी तथा इस्कान राजविराजले विगत तीन वर्ष देखी राजविराजमा निकालिने जगन्नाथ रथयात्रामा हजारौं भक्तजनको सहभागिता हुने गरेको छ ।

श्रीकृष्णभक्त मंडल र इस्कान नामक धार्मिक संस्थाले लक्ष्मी नारायण राधाकृष्ण मन्दिर समितीको समन्वयमा रथयात्रा महोत्सवको रुपमा मनाउन थालेको हो ।

विगत भन्दा फरक र अझ भव्यरुपमा रथयात्रा निकाल्ने तयारी भएको सो अवसरमा कोषाअध्यक्ष दिपक भगतले जानकारी गराए । रथयात्रा व्यवस्थापन समितिका संयोजक अमित नायकले रथयात्रामा राजविराज आसपासका पालिका सहित सीमावर्ती भारतीय बजारबाट पनि ठूलो संख्यामा भक्तजन आउने अपेक्षा गरिएको बताए ।

गत वर्ष १५ हजारको सहभागिता रहेकोमा यस पल्ट त्यसको दोब्बर ३० हजार देखी ३२ हजार सम्म भक्तजनको सहभागिता हुने अपेक्षा गरिएको उनको भनाई थियो ।

रथयात्रा अघि पुष ५ गते शुक्रवार कलश यात्रा र प्रसिद्ध कथावाचक रामानुज दासजी महाराजद्वारा श्रीमदभागवत कथावाचन कार्यक्रम प्रारम्भ हुने श्रीलक्ष्मी नारायण राधाकृष्ण मन्दिरका मूलपुजारी रत्नेश्वर झाले बताए ।

यस्तै पुष ११ गते विहीवार कथा विराम र पुष १३ गते शनीवार रथयात्रा तथा महाप्रसाद वितरण को कार्यक्रम तय भएको पत्रकार सम्मेलनमा भागवत कथा आयोजन समितिका संयोजक निरज प्रसाद साहले जानकारी दिए । पत्रकार सम्मेलनमा वडासदस्य रामानन्द देव, समाजसेवी विरेन्द्र गुप्ता, किशोर कुमार यादव केसी लगायतले पनि कार्यक्रमको महत्व र तयारी बारे जानकारी गराएका थिए । भगवान सवार रथयात्राको दर्शन गरेमा वा रथयात्राको डोरी छोएमा मात्रै पनि मनोकाँक्षा पुरा हुने विश्वास रहेकोले प्रत्येक वर्ष रथयात्रामा सहभागी हुने भक्तजनको संख्या बढ्दै गएको आयोजकको भनाई छ ।

# कारागारका कर्मचारी कारागार चलान

**राजविराज**/राजविराज कारागारका महिला बन्दीलाई बलात्कार गरेको आरोपमा त्यहाका एक कर्मचारी कारागार चलान भएका छन् ।

कारागारमा कैदीबन्दीको रेखदेखमा खटिएका कार्यालय सहयोगिको पदमा कार्यरत राजविराज नगरपालिका ८ का ३५ वर्षिय चन्दन भनिने चन्द्रनारायण यादव पूर्पक्षका लागि शुक्रबार कारागार चलान भएका हुन् । विगत १७ वर्षदेखी यादव राजविराज कारागारमा कार्यालय सहयोगि पदमा कार्यरत थिए ।

कारागारमा बन्दी जिवन बिताइरहेकी ३० वर्षीया एक महिलालाई बलात्कार गरेको आरोपमा सप्तरी जिल्ला अदालतका न्यायाधीश तिलकबहादुर कार्कीको एकल इजलासले पुर्पक्षका लागि कारागार चलान गर्न आदेश दिइएको हो । कारागार कार्यालयको प्रशासनिक भवनस्थित बिजुलीघरभित्र लागी गत २०८० माघ ५ गते यादवले बलात्कार गरेको पीडित महिलाले प्रहरीमा दिएको उजुरीमा उल्लेख छ । पीडित भनिएकी महिलालाई हाल कारागार सरुवा भई उदयपुर कारागारमा बन्दी जिवन बिताइरहेकी छिन् ।

पीडित महिला २०७६ साउनदेखी राजविराज कारागारमा कर्तव्य ज्यान तथा आत्महत्या दुरुत्साहन मुद्दामा कैद सजाय भुक्तान गर्दै आएकी थिइन् । सोही समयमा आफूसँग कार्यालय सहयोगि यादवले बलात्कार गरेको उनले दिएको उजुरीमा उल्लेख छ ।

# बर्दियामा भएको स्कुटर दुर्घटनामा परी रुपनीका बाबुछोरीको मृत्यु

**राजविराज**/बर्दियामा स्कुटर ट्याक्टरमा ठोक्किदा सप्तरीको रुपनी गाउँपालिका निवासी बाबुछोरीको मृत्यु भएको छ । सो दुर्घटनामा आमाछोरा घाईते भएका छन् ।

मृत्यु हुने सो गाउँपालिका वडा नं. १ का ३२ वर्षीय रामकुमार साह र उनकी छोरी ६ वर्षीया विद्या छन् । रामकुमारकी श्रीमती रुबी साह र छोरा प्रिन्स साह घाईते छन् ।

चार जना सवार स्कुटर हुलाकी सडक अन्तरगत बर्दियामा आईतवार रोकेर राखेको भे.१त. ९०६२ नम्बरको ट्याक्टरमा बा.६८प.७०३६ नम्बरको स्कुटर ठोक्किएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा घाईते भएका चारै जनालाई जिल्ला अस्पतालमा भर्ना गरिएको थियो । उपचारकै क्रममा रामकुमार र विद्याको मृत्यु मृत्यु भएको तथा पत्नी र छोरा घाइते भएको बर्दिया प्रहरीले जनाएको छ । यता ट्याक्टर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### *जनकपुर ...*

विजेताले ट्रफीसहित रु एक करोड १० लाख र उपविजेताले रु ५१ लाख, तेस्रोले रु २५ लाख र चौथो हुनेले रु १५ लाख प्राप्त गर्ने नेपाल क्रिकेट सङ्घ (क्यान)ले जनाएको छ ।

### *जनज्योतीको १३औं ...*

गरेको छ । संस्थाका अध्यक्ष मण्डलले सम्पूर्ण पदाधिकारीहरुलाई प्रशंसा पत्र तथा गम्छा ओढाएर सम्मान गरे ।

### *प्रेस युनियन ...*

कोषाध्यक्षमा नवीनकुमार गुप्ता, सदस्यहरुमा अरुणकुमार यादव, रामनारायण यादवर र परिषककुमार कर्ण निर्वाचित भएका छन् ।

यस्तै प्रदेश परिषद् सदस्यमा गणेशलाल देव, शैलेन्द्र झा, पवन कुमार मिश्र, नरेश कुमार चौधरी र लोकेन्द्र यादव, केन्द्रिय परिषद् सदस्यमा मनोजकुमार माझी तथा केन्द्रिय सदस्यमा ललिता कुमारी साह निर्वाचित भएका छन् ।


सहकारी ऐन २०४८ अन्तर्गत स्थापित
सहकारी बिभाग दर्ता नं.१२०।०५७५८
स्था. २०५७

**जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**
**राजविराज –४, सप्तरी**

मिति : २०८१/०९/०५

**बिषय :– लेखापरीक्षक आवश्यक्ता सम्बन्धी सुचना ।**

उपरोक्त सम्बन्धमा यस जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लि.को आ.व.२०८१/०८२ को बाह्य लेखा परिक्षण गर्न दर्तावाला चार्टर्ड एकाउन्टेन्टस् लेखापरिक्षकको आवश्यक्ता भएकोले ईच्छुक दर्तावाला चार्टर्ड एकाउन्टेन्टस् लेखापरिक्षकलाई तपशिलमा उल्लेखित कार्यविवरण र पारिश्रमिक अनुसार आवश्यक कागजातहरु सहित मिति २०८१/०९/१५ गते सम्म यस संस्थाको कार्यालयमा कार्यालय समय भित्र आवेदन पेश गर्नहुनलाई जानकारी गराईन्छ ।

**तपशिल**

(क) कार्य विवरण तथा पारिश्रमिक :
१.यस संस्थाको आ.व.२०८१/०८२ को बार्षिक लेखा परिक्षण गरी प्रतिवेदन पेश गर्ने ।
२.प्रचलित ऐन, कानुन तथा नियमावली अनुसार नितिगत सुधार तथा संशोधनको लागी आवश्यक राय सुझाव पेश गर्ने ।
३.लेखा परिक्षण शुल्क आपसी समझदारीमा साधारण सभाबाट पारित भए बमोजिम हुने ।

(ख) आवश्यक कागजातहरु :
१.निवेदन ।
२. पेशागत प्रमाण पत्रको प्रतिलिपी ।
३. लेखा व्यवसायी सदस्यता प्रमाण पत्रको प्रतिलिपी ।
४. नविकरण भएको लेखा व्यवसायी फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपी ।
५. प्यान/भ्याट दर्ता प्रमाण पत्रको प्रतिलीपी ।
६. लेखापरिक्षकको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी ।
७. लेखा परिक्षणमा नियुक्तिका लागी अयोग्य नभएको स्वघोषणा ।

संचालक समितिको आज्ञाले
व्यवस्थापक
व्यवस्थापक
ज.ब.स.स.लि.



**शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं**

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**हनुमाननगर कंकालिनी नगरपालिका, सप्तरी**



**चिसोबाट बचौं**

➢जाडोबाट बच्न बाक्लो तथा न्यानो कपडा लगाऔं,
➢तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
➢घर तथा कोठा न्यानो बनाऔं,
➢बालबालिका तथा वृद्धवृद्धालाई तेल मालिस गरिदिऔं,
➢बढी चिसोमा मर्निङ्गवाक नगरौं,
➢दैनिक घाम ताप्ने गरौं,

नेपाल सरकार
विज्ञापन बोर्ड



**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*